# गुणस्तरीय शिक्षामा स्रोतकेन्द्रको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषय

स्नातकोत्तर तह (एम्.एड्) दोस्रो वर्षको आवश्यकता पूरा

गर्नका लागि तयार गरिएको

**शोधपत्र**


शोधकर्ता

मिनप्रसाद बराल

त्रि.वि.द.नं.: २५०७९/९०

क्याम्पस रोल नं.: ०४/०६५

परीक्षा रोल नं.: २३३००४६

सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली


२०६९

047-520066
त्रिभुवन विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त
सिन्धुली बहुमुखी क्याम्पस
कमलामाई-९, सिन्धुली
Sindhuli Multiple Campus
Kamalamai-9, Sindhuli

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत एम.एड. दोश्रो वर्षका विद्यार्थी मिनप्रसाद बरालले **गुणस्तरीय शिक्षामा स्रोतकेन्द्रको भूमिका** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः- २०६९/८/३

....................................

भागवत थापा

शोध निर्देशक

# कृतज्ञता ज्ञापन

यस शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यस शोधपत्रमा नमुना छनोटमा परेका स्रोतकेन्द्रमा गई **गुणस्तरीय शिक्षा विकासमा स्रोतकेन्द्रको भूमिका** बाहिर ल्याउने जमर्को गरेको छु । शोधकार्यमा अमूल्य सहयोग तथा सुझाव प्रदान गर्नुका साथै शोधकार्यलाई सम्पन्न गर्ने क्रममा आवश्यक सल्लाह, सुझाव, निर्देशन तथा मार्गदर्शन गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभागका शोध संयोजक एवम् उपप्राध्यापक श्री भागवत थापाज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी यस शोध अध्ययनका लागि हौसला र प्रेरणा प्रदान गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पसका अन्य आदरणीय गुरुहरुप्रति आभार व्यक्त गर्दछु । शोध कार्यका क्रममा आवश्यक तथ्याङ्क, सूचनाहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति एवम् विद्यालयका प्रधानाध्यापकहरु र अन्य सम्बद्ध महानुभावहरुप्रति समेत आभार व्यक्त गर्दछु ।

यसरी नै अध्ययन क्षेत्रभित्रका विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, शिक्षकहरुलाई उहाँहरुको सहयोगको लागि धन्यवाद दिन चाहन्छु । यसरी नै शोधपत्र तयार पार्ने क्रममा उपयुक्त वातावरण तयार गर्न पारिवारिक समस्यालाई एक्लै बहन गरी सहयोग गरेकोमा जीवनसंगिनी विजया पौडेल तथा छोरी विमशा र छोरा विप्लब पनि धन्यवादका पात्र छन् ।

अन्त्यमा यस शोधपत्रलाई समयमा नै कम्प्युटर टाइप तथा प्रिन्ट गरी आवश्यक सहयोग पुऱ्याउनु हुने ए.एस.पि.एम. कम्प्युटर सेन्टर, २ नं. बजार, सिन्धुलीका कृष्णहरि ढुङ्गेल र राधा ढुङ्गेललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधकर्ता

मिनप्रसाद बराल

## शोधसार

**गुणस्तरीय शिक्षामा स्रोतकेन्द्रको भूमिका** शीर्षकको शोधअनुसन्धान गुणस्तरीय शिक्षाको विकासमा स्रोतकेन्द्रले खेल्ने भूमिका र यसका गतिविधिहरुको पहिचान गर्ने उद्देश्य राखेर गरिएको छ ।

यस अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । अध्ययनका क्रममा सिन्धुली जिल्लाका १६ ओटा स्रोतकेन्द्रहरुमध्ये ४ ओटा स्रोतकेन्द्रहरुलाई सम्भावनारहित नमुना छनोट विधिको आधारमा छनोट गरिएको थियो । जसमा भौगोलिक विकटता र सुगमता सबै क्षेत्रहरुको प्रतिनिधित्व हुने गरी छनोट गरिएको थियो । तथ्याङ्क दुवैको प्रयोग भएको प्राथमिक तथ्याङ्कमा शोधकर्ता आफैं उपस्थित भएर अनुसूचीमा भएको प्रश्नावली, स्रोतव्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षकहरुबाट तथ्याङ्क प्राप्त गरिएको थियो । द्वितीय स्रोत अन्तर्गतका सूचना सम्बन्धित संस्थाको अभिलेख, पत्रपत्रिका, निर्देशिका, ऐन, कानुन, नियमावली, स्रोतकेन्द्र र गुणस्तरीय शिक्षासँग सम्बन्धित लेख रचनाहरु रहेका थिए । अध्ययनको क्रममा स्रोतकेन्द्रको भौतिक अवस्था, स्रोतकेन्द्र र विद्यालय अनुपात, स्रोतकेन्द्रले सञ्चालन गरेका क्रियाकलापको अवलोकन र समीक्षा गरिएको थियो । यसरी अध्ययनको क्रममा उपलब्ध तथ्याङ्कको विश्लेषण विवरणात्मक ढङ्गबाट गरियो । आवश्यकतानुसार तालिकाको समेत प्रयोग गरिएको छ ।

स्रोतकेन्द्रले शिक्षकको पेसागत विकास गर्न पेसागत विकास तालिम, विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्न परीक्षा सञ्चालन, प्रत्येक महिना प्रधानाध्यापक बैठक, विद्यालय अनुगमन र निरीक्षण, तथ्याङ्कहरुको सङ्कलन र अभिलेख व्यवस्थापन, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रमको अनुगमन आदि महत्वपूर्ण कार्यहरु शिक्षा कार्यालयको निर्देशनअनुरुप सञ्चालन गर्ने गरेको देखियो । कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा विद्यालयहरुको सङ्ख्या प्रत्येक वर्ष थपिदै जाँदा विकटता र दूरीको कारण स्रोतकेन्द्रभन्दा टाढाका विद्यालयहरुमा स्रोतव्यक्तिहरु निरीक्षण गर्न तुलनात्मक रुपमा कम पुग्ने गरेको पाइयो । एक वर्षभित्र ७४ प्रतिशत विद्यालयहरुमा अनुगमन भएको पाइयो । अनुगमन गर्दा प्रधानाध्यापकसँग बढी सरोकार र छलफल केन्द्रित गर्ने गरेको पाइयो । नुमना कक्षा लिएको अवस्था न्यून रही १९ प्रतिशत मात्र पाइयो । स्रोतकेन्द्र र विद्यालय अनुपात १:३५ रहेको

पाइयो । वार्षिक कार्य योजना सबै नमुना छनोटमा परेका सबै स्रोतकेन्द्रहरुले बनाइएको पाइए तापनि न्यून आर्थिक स्रोतको कारण स्रोतकेन्द्रले अपेक्षित विकास गर्न नसकेको पाइयो । तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन सबै स्रोतकेन्द्रमा राम्रो रहेको पाइयो । शिक्षकको पेसागत विकास तालिम नियमित सञ्चालन भएको, तालिममा सहभागीलाई दिइने सुविधा न्यून भएको, साथै तालिमलाई अवसरभन्दा अनिवार्यताको रुपमा लिएको पाइयो । स्रोतकेन्द्रमा पर्याप्त स्रोत नभएको, सहयोगी कर्मचारीको अभावले स्रोतकेन्द्र नियमित नखुल्ने जस्ता समस्याहरु देखियो । समग्र स्रोतकेन्द्रका गतिविधिहरुलाई अध्ययन गर्दा स्रोतकेन्द्रका कार्यहरु शैक्षिक स्तर सुधारसँग सम्बन्धित भएकाले यसको आवश्यकता, महत्व बढेर गएको पाइयो ।

स्रोतकेन्द्रले सञ्चालन गर्ने कार्यक्रमहरुलाई प्रभावकारी बनाउन स्रोतव्यक्तिले गरेका कार्यहरुको अनुगमन, स्रोतकेन्द्रअन्तर्गतका विद्यालयमा देखिएका समस्याहरु निराकरण गर्न माथिल्लो निकाय सक्रिय हुनुपर्ने, तालिमलाई प्रभावकारी बनाउन प्रशिक्षकहरु विषयवस्तुमा दक्ष र अनुभवी, सेवा सुविधामा वृद्धि, स्रोतकेन्द्रलाई नियमित सञ्चालन गर्न सहयोगी कर्मचारीको व्यवस्था, स्रोतव्यक्तिहरुको योग्यता न्यूनतम स्नातकोत्तर तह राख्नुपर्ने, स्रोतकेन्द्रको सङ्ख्या वृद्धि गर्नुपर्ने, स्रोतकेन्द्रलाई भौतिक र आर्थिक रुपमा सबल बनाउनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ । उल्लेखित कार्यहरुमा सुधार गर्न सकेको खण्डमा स्रोतकेन्द्रका कार्यहरु सशक्त भई स्तरीय शिक्षा विकास अझ टेवा पुग्ने देखिन्छ ।

# विषयसूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

शोधसार

संक्षिप्त शब्दावली

## परिच्छेद : एक

### परिचय

| | पृष्ठ सङ्ख्या |
|---|---|
| १. अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४. अध्ययनका उद्देश्यहरु | ९ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६ अध्ययनको परिसीमा | १० |

## परिच्छेद : दुई

### सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको सिंहावलोकन | ११ |
| २.२ सैद्धान्तिक खाका | १६ |
| २.३. शैक्षिक उपादेयता | १९ |

## परिच्छेद तीन

### अध्ययन विधि

| | |
|---|---|
| ३.१ अनुसन्धनात्मक ढाँचा | २० |
| ३.२ जनसंख्या र नमुना छनोट | २० |
| ३.३ तथ्याङ्क स्रोतहरु | २१ |
| ३.४ अध्ययन साधनको छनोट र परीक्षण | २१ |
| ३.५.तथ्याङ्क सङ्कलन प्रक्रिया | २२ |

३.६ तथ्याङ्कको व्याख्या एवम् विश्लेषण प्रक्रिया २२

## परिच्छेद : चार

## तथ्यांकको व्याख्या तथा विश्लेषण

४.१ तथ्यांकको व्याख्या तथा विश्लेषण २३
४.२. संरचना र क्रियाकलापको समीक्षा २५
४.३ भौतिक र मानवीय स्रोतको प्रयोग ३०
४.४ शैक्षिक अभिवृद्धिमा स्रोतकेन्द्रको भूमिका ३१
४.५ स्रोतकेन्द्रको क्रियाकलापको समीक्षा ३१
४.६ स्थानीय समुदाय र संगठनको परिचालन ३२
४.७ शिक्षकको पेशागत विकास तालिममा स्रोतकेन्द्रको भूमिका ३३
४.८ योग्यता,अनुभव र छनोट ३३
४.९ स्रोतकेन्द्र गतिविधिको प्रभाव ३४

## परिच्छेद : पाँच

## प्राप्ति,निष्कर्ष र सुझावहरु

५.१. अध्ययनका मुख्य प्राप्तिहरु ३५
५.२ निष्कर्ष ३७
५.३ सुझावहरु ३८
५.३.१ कार्यान्वय तह ३८
५.३.२ नीति निर्माण तह ३९
५.३.३ अनुसन्धान तह ३९
सन्दर्भसामग्री
अनुसूची

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्नमाध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | विक्रम सम्वत |
| इ.सं. | इस्वी सम्वत |
| प्रा. | प्राध्यापक |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| क्षे.शि.नि. | क्षेत्रीय शिक्षा निर्देशनालय |
| प्रा.शि. | प्राथमिक शिक्षक |
| नि.मा.शि. | निम्न माध्यमिक शिक्षक |
| मा.शि. | माध्यमिक शिक्षक |
| गा.वि.स. | गाउँ विकास समिति |
| उ.मा.शि.प. | उच्च माध्यमिक शिक्षा परिषद |

| | |
|---|---|
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्दति योजना |
| शि.अ.संघ | शिक्षक अभिभावक संघ |
| गा.शि.स. | गाउँ शिक्षा समिति |
| सं. | संस्थागत |
| स्वी. | स्वीकृत |
| अ. | अनुमति |
| CDC | Curriculum Development Centre |
| TPD | Teachers' Professional Development |
| CAS | Continuous Assessment System |
| ECD | Early Childhood Development |
| M.Ed. | Masters of Education |
| B.Ed. | Bachelor of Education |
| TIP | Teaching Improvement Plan |